नेपाल सरकार

गृह मन्त्रालय

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण

SitRep

# ५

१२ असार २०७७

# दैनिक विपद् बुलेटिन

११ असार बिहान १०:०० बजे देखि १२ असार बिहान १०:०० बजे सम्म

नेपालमा हिजो जस्तै आज पनि चट्याङ्गका घटना नै बढी भएका छन् । आज चट्याङ्ग लागी ३ जनाको मृत्यू भएको छ भने ४ जना घाइते भएका छन् । मृतक र घाइतेमध्ये अधिकांश खेतमा काम गरिरहेको अवस्थामा चट्याङ्गमा परेका छन् । त्यसैले घरबाहिर रहँदा गड्याङगुडुङ सहित पानी परेमा तुरुन्तै नजिकैको घरभित्र पस्नुहोस् । यसका साथै मनसुनको शुरुवात भएतापनि ६ स्थानमा आगलागी भएको छ । आगलागीमा परी ३ जना घाइते भएका छन् ।

| मृत्यु संख्या | हराएको | घट्ना संख्या | घाइते | अनुमानित क्षति रु. | सडक अवरोध | चौपाया क्षति |
|---|---|---|---|---|---|---|
| ३ | ० | १३ | ७ | १३,१०००० | ० | ६ |

## घट्ना सारांश

- मुलुकभर गएको २४ घण्टामा विपद्का **१६ वटा** घट्नाहरु भएका छन् । **उदयपुर**को त्रियुगा नगरपालिका-१;, असारि, भातीखर्क र जोगीपोखरीमा गरी तीन स्थान; **ससरी**को हनुमाननगर कंकालिनी नगरपालिका-१ र कंचनरुप नगरपालिका-११ गोरपार गरी दुई स्थान, **मोरङ**को सुनवर्सी नगरपालिका-५ रमनपुर र **कपिलवस्तु**को शिवराज नगरपालिका-११ थुन्हियामा गरी ७ स्थानमा चट्याङ्ग परेको छ ।
- **काठमाडौं, बाँके, मकवानपुर, रामेछाप, कपिलवस्तु र डोटी**मा गरी ६ स्थानमा **आगलागी** भएका छन् । आगलागीबाट अनुमानित १३,१०,००० रुपैंयाँ बराबरको क्षति भएको छ ।

## प्रतिकार्य

- सुरक्षा निकायको टोलीले चट्याङ्ग तथा आगलागी भएका स्थानहरुमा पुगी घाइते भएकाहरुलाई उद्दार गरी स्थानीय स्वास्थ्य केन्द्रहरुमा उपचारका लागि लगिएको छ ।

## पूर्वानुमान

असार १२ (शुक्रबार)

- कोशी, नारायणी र यसका सहायक नदीहरुमा बहाव बढ्ने, कर्णाली, महाकाली र यसका सहायक नदीमा बहाव सामान्य घटबढ हुने तथा सबै नदीहरुमा पानी तर्कता तहभन्दा तल नै हुने ।
- कन्काई, कमला, बागमती, पश्चिम राप्ती, बबई लगायतका नदीहरुमा बहाब बढ्ने, सबै नदीहरुमा पानी सतर्कता तहभन्दा तल नै हुने । तर कन्काई, कमला, बागमतीका केहि स-साना नदीमा केही सहायक नदीमा तुलनात्मक रूपमा बढ्ने र केहिमा सतर्कता तह आसपाससम्म पुग्न सक्ने।
- ईलाम, झापा, मोरङ, सुनसरी, धनकुटा, सप्तरी सिराहा, धनुषा महोत्तरी, सर्लाही, रौतहट, उदयपुर सिन्धुली, मकवानपुर, काठमाण्डौ उपत्यका, ओखलढुङ्गा, काभ्रेपलान्चोक, सिन्धुपाल्चोक नुवाकोट, चितवन, नवलपरासी, रूपन्देही, दाङ, अर्घाखाँची, गुल्मी, रोल्पा, प्यूठान, दैलेख, जाजरकोट, रूकुम, सुखेत, बाँके, बर्दिया, कैलाली, कञ्चनपुर, डोटी, डडेल्धुरा र आसपास जिल्ला भई बहने स-साना खोलाहरुमा बहाव बढ्ने र केहीमा सतर्कता तह आसपाससम्म पुग्न सक्ने सम्भावना रहेको छ ।

थप जानकारीका लागिः https://bit.ly/2YYQOQV